जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३८ अंक ३३ २०७६ साल चैत २ गते आइतवार (15 Mar. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : मन्त्री साहद्वारा कोरोना भाइरसको ... पृष्ठ ३ मा : मुद्दाको आडमा ... पृष्ठ ४ मा : कोरोना भाइरसको ... पृष्ठ ५ मा : एकताबाट वैकल्पिक ...

# राजविराजमै जटिल प्रकृतिका चार विरामीको सफल शल्यक्रिया

**राजविराज**/स्वास्थ्य क्षेत्रमा बढ्दै गएको आधुनिकतासँगै राजविराजका सरकारी तथा निजि अस्पतालहरुले उच्च प्रविधिका उपकरण तथा दक्ष चिकित्सकको सहयोगमा विभिन्न जटिल प्रकृतीका उपचारहरु स्थानियस्तरमै सफलतापूर्वक सम्पन्न गरिरहेका छन् ।

पछिल्लो पटक राजविराजस्थित एक निजि अस्पतालमा शुक्रबार एकै दिन चार वटा जटिल प्रकृतीका शल्यक्रिया सफलतापूर्वक सम्पन्न भएपछि स्थानीयहरु अब जिल्ला बाहिर महँगो खर्च तिरेर उपचार गर्न जानबाट मुक्त हुने भएका छन् ।

सो अस्पतालमा बरिष्ठ सर्जन डा. राजिव मिश्राको नेतृत्वमा डा. विकास झा, डा. पारस मणी साह (एनेस्थोसियोलोजिष्ट) लगायतका चिकित्सक टोलीले फलामको डण्डी पेटमा छिरेर आन्द्राभूडी निस्केको एक महिलाको सफल शल्यक्रिया गरेका छन् ।



सप्तरीको राजगढ गाउँपालिका ६ फेकरा कि ३५ बर्षिया साहिरा खातुनको आफ्नो घरको छतबाट अचानक लडेर छिमेकीको जमिनमा जडान गरिएको दुई वटा फलामे डण्डी पेटमा छिरेपछि आन्द्राभुडी बाहिर निस्केको थियो ।

यस्तै सोही चिकित्सक टोलीले जिल्लामा पहिलो पटक दुरबिन (ल्याप्रोसकोपिक) प्रविधिबाट सफल शल्यक्रिया समेत गरिएको छ । पितको थैलीमा पथरी भएर उपचारका लागि अस्पताल भर्ना भएकी राजविराज नगरपालिका ७ की ३२ बर्षिया सपना अधिकारीको सो प्रविधिबाट सफल शल्यक्रिया गरिएको वरिष्ठ सर्जन डा. मिश्राले बताए ।

यस्तै भारत विहार राज्यको कमलपुर निवासी ६३ बर्षिय चन्देश्वर मेहताको फुटेको आन्द्रो पनि सफल शल्यक्रिया गरिएको छ । उनलाई ग्यास्टिक परफोरेशन भएर पेटको भित्री भागमा प्वाल परेर गम्भीर अवस्थामा ल्याईएपछि डेढ घण्टाको प्रयासमा सफल शल्यक्रिया सम्पन्न भएको वरिष्ठ सर्जन डा. मिश्रले बताए ।

त्यसैगरि शुक्रबारै राजविराज नगरपालिका १६ कि ९४ बर्षिया नथुनी देवी यादवको पनि हाड जोर्नि रोग विशेषज्ञ डा. ज्ञानेन्द्र कुमार झाको नेतृत्वको चिकित्सक टोलीले डाढ फियुमर फ्याक्चरको समेत सफल शल्यक्रिया गरेका छन् ।

यसअघि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा पनि फलामको डण्डी छिरेर आन्द्राभुडी बाहिर निस्केको एक बालकको सफल शल्यक्रिया भएको थियो भने कचिया हसियाँ पेटभित्र छिरेका अर्को एक बालकको पनि सफलतापूर्वक शल्यक्रिया सम्पन्न भएको थियो । वरिष्ठ सर्जन डा. मिश्रकै नेतृत्वमा एकपछि अर्को जटिल शल्यक्रिया राजविराजमै हुन थालेपछि यहाँका बिरामीहरुले अब अन्य स्थानमा महँगो खर्च तिरेर जाने बाध्यताबाट छुटकारा पाउने भएका छन् ।

# नेपालका बरिष्ठ बैज्ञानिक तथा अनुसन्धानकर्ता अग्रवालको निधन



**बरिष्ठ बैज्ञानिक तथा अनुसन्धानकर्ता स्व. प्रा.डा. विश्वनाथ अग्रवाल**

**राजविराज**/नेपालमा रसायन शास्त्र तथा जिव रसायन शास्त्रका एक अब्बल वरिष्ठ बैज्ञानिक तथा अनुसन्धानकर्ता प्रा.डा. विश्वनाथ अग्रवालको शनिबार राती निधन भएको छ ।

रौतहटको गौर नगरपालिका १ निवासी प्रा.डा. अग्रवालको ललितपुरको सानेपास्थित आफ्नै निवासमा निधन भएको हो । उनी लामो समयदेखी अस्वस्थ थिए ।

नेपालबाट रसायन शास्त्रमा उनी पहिलो फुल ब्राइट स्कलर हुन् । साथै उनले जर्मनको हम्बर्ड स्कलर पनि प्राप्त गरेका थिए । स्व. प्रा.डा. अग्रवाल त्रिभुवन विश्वविद्यालयमा फिजिकल केमिस्ट्रिका अवकाश प्राप्त प्राध्यापक हुन् भने पोखरा विश्वविद्यालयले उनलाई बायो केमेस्ट्रिमा मानार्थ प्राध्यापक दिएका थिए ।

नेपाल विज्ञान तथा प्रविधी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ समेत रहेका उनले नेपालमै पहिलो पटक रिसर्चका लागि ( RLAAB) आरल्याब संचालित गर्ने उनी नै पहिलो व्यक्ति हुन् । उनको सो ल्याबबाट एक सय जना बैज्ञानिकहरु उत्पादन भएका छन् ।

उनले नेपालमा रसायन शास्त्रलाई अगाडी बढाउन ठूलो योगदान दिएका छन् । बि.स. २०६४ सालमा सम्पन्न नेपालको पहिलो संविधान सभाका सदस्य समेत हुन् ।

उनी गैरस्थित मित्रा मेमोरियल स्कुलका संस्थापक समेत हुन भने नेपालमा इन्टरनेट सेवा प्रदायक कम्पनि वर्ल्ड लिंक उनकै छोराले संचालन गरेका हुन् । प्रा.डा. स्व. अग्रवालको दुई छोरा दिलिप अग्रवाल वर्ल्ड लिंकका निर्देशक हुन् भने अर्को छोरा मनोज अग्रवाल तथा छोरी राधा अग्रवाल अमेरिकामा चिकित्सक पेशामा छन् ।

# छोराको अपहरण भएको भन्दै झुठो उजुरी दिने बाबु पक्राउ


**राजविराज**/सप्तरी प्रहरीले छोरा अपहरणमा परेको भन्दै झुठो उजुरी दिने बाबुलाई शनिबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पत्थरगाढा बस्ने ३६ वर्षिय जासर मियाँ छन् । उनले शुक्रबार बिहान मोटरसाइकलमा आएका २/३ जना अपरिचित व्यक्तिले घरमा सुतिरहेका ११ वर्षिय छोरा ज्याउद्दिनको अपहरण गरेको भन्दै सुरक्षा वेश क्याम्प पत्थरगाढामा उजुरी दिएका थिए ।

बालक अपहरण भएको खबर पाउना साथ जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय पातो र सुरक्षा वेश क्याम्प पत्थगरगाढाको संयुक्त प्रहरी टोलीले शंकास्पद स्थानका साथै भारतीय सीमा सुरक्षा अधिकारीसँग पनि समन्वय गरि खोजतलासमा खटेको जनाएको छ ।

खोजतलासकै क्रममा बालक ज्याउद्दिनलाई घरबाट ५ सय मिटरको दुरीमा रहेको दिदीको घरबाट प्रहरीले फेला पारेको सप्तरी प्रहरीले जनाएको छ । बालकले भने आफूलाई कसैले अपहरण नगरेको तथा दिदीलाई भेट्ने इच्छा भएकाले यहाँ आएको र यस बारे बुबा

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
CITY EXPRESS MONEY TRANSFER
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय ....

### स्थानिय सरकारको कुपोषित बालबालिकाप्रति ध्यान पुगेन्

सप्तरीका कुपोषित बालबालिकाहरुप्रति स्थानिय सरकारको ध्यान पुग्न सकेको छैन् । सप्तरी सबै भन्दा बढी दलित गरिब जनताहरुको बसोवास रहेको जिल्ला हो । यस जिल्लाका गरिब महिलाहरु गर्भवति भएको बेला पौष्टिक खानेकुरा खान नसक्दा उनीहरुले जन्म दिने बच्चा कुपोषित हुने गरेको तथ्याङ्कले देखाएको छ । महिलाहरु गर्भवती भएको बेला विशेष ध्यान नपुग्नु, बच्चा जन्मिसकेपछि उसको उचित हेरचार नहुनु, पौष्टिक आहारको कमी लगायतका समस्याका कारण बालबालिकाहरु कुपोषणको शिकार हुन पुग्छन् । ती गरिब जनताहरु जसोतसो आफ्नो जिविकोपार्जन गरिरहेको अवस्थामा बालबालिकाहरुको उचित हेरचार गर्न उनीहरुलाई समस्या आउने गर्दछ ।

यस्तो अवस्थामा स्थानिय सरकारले ती गरिब जनताहरुका निम्ति निशुल्क पौष्टिक खानेकुराको व्यवस्था मिलाउनु सक्नु पर्ने हो । हुन त सम्पूर्ण स्वास्थ्य क्लिनिकहरुमा गर्भवति भएको बेलादेखी नै नियमित चेकजाँच गराउने व्यवस्था रहेको छ भने नियमित चेकजाँच गर्ने क्रममा पौष्टिक आहार समेत दिइने गरिन्छ । तर, जानकारीको अभावमा ती गरिब महिलाहरु सोबाट बञ्चित हुनु परेको छ ।

तसर्थ सम्पूर्ण जनतामाँझ जानकारी दिने उद्देश्यले जनचेतना तथा जानकारीमूलक कार्यक्रमलाई अझ प्रभावकारी ढंगले स्थानिय सरकारले गम्भिरतापूवर्क प्रभाव गर्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मन्त्री साहद्वारा कोरोना भाइरसको संक्रमणबाट जोगाउन अस्पतलाको तयारी बारे निरिक्षण

**राजविराज**/प्रदेश २ का भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा कोरोना भाइरसको संक्रमणबाट जोगाउन कस्तो तयारी भएको बारे स्थलगत निरिक्षण गरेका छन् ।

मन्त्री साहले कोरोना भाईरसको संक्रमणबाट जोगिन र जोगाउन अस्पताल प्रशासनले कस्तो तयारी र सुरक्षाका प्रयास गरेको बारे जानकारी लिने उद्देश्यले सो निरिक्षण गरेका हुन् ।

अस्पताल निरिक्षणका क्रममा मन्त्री साहले अस्पतालको तयारी फितलो रहेकोप्रति चिन्ता व्यक्त गर्दै अस्पताल प्रशासनलाई गम्भिरतापूर्वक लाग्न निर्देशन समेत दिए ।

भाइरस संक्रमित बिरामीलाई राखिने आईसोलेशन वार्डदेखि च्याल तथा रगतको नमुना परिक्षण कक्ष निरक्षण गर्दा मन्त्री साहले यसको तयारी अत्यन्त कमजोर रहेको संचारकर्मीलाई प्रतिक्रिया दिएका छन् । उनले संक्रमित बिरामीका लागि अस्पताल हाताभित्र प्रोटेक्टिभ बेरियर बनाउन अस्पताल प्रशासनलाई निर्देशन समेत दिए ।

यता अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. दिलिप साहलाई सुझाव दिदै मन्त्री साहले सुरक्षाका लागि गम्भिरता पुर्वक पहल गर्न निर्देशन पनि दिए ।

माहामारीका रुपमा फैल्न सक्ने कोरोना भाईरस फैल्न नदिन



आवश्यक सुरक्षा व्यवस्था मिलाउन प्रदेश सरकार कुनै कसर बाँकी नराखिने भन्दै मन्त्री साहले साधन श्रोतले भ्याएसम्म प्रदेश सरकारले यसका लागि काम गरिरहेको जानकारी दिए ।

# विपक्षीसँगै सत्तारुढ सांसदले मागे मुख्यमन्त्री राउतको राजीनामा

**जनकपुरधाम**/प्रदेश २ को शनिबार बसेको प्रदेश सभा बैठकमा विपक्षिसँगै सतारुढ दलका सांसदहरुले मुख्यमन्त्री लालबाबु राउतको राजिनामा माँग गरेका छन् ।

सत्तारुढ राष्ट्रिय जनता पार्टी (राजपा) का सांसद मनिष सुमनले प्रहरी ऐन आइसकेको अवस्थामा समेत प्रहरी भर्ना गर्न नसकेको, गत बर्ष सम्पन्न भएका योजनाहरुको अहिलेसम्म भुक्तानी दिन नसकेको, मलेठ तथा सचिव कुटपिट घटनाको प्रतिवेदन हालसम्म सार्वजनिक गर्न नसकेको बताउँदै प्रदेश सरकारले उपलब्धीमूलक काम गर्न नसकेको भन्दै मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने बताए ।

राजपा महासचिव समेत रहेका प्रदेश सभा सदस्य सुमनले त्यस्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमणको बेला भएको खर्चका विवरण हालसम्म पनि प्रदेश सरकारले सार्वजनिक गर्न नसकेको आरोप लगाए ।

त्यस्तै प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट (नेकपा) का सांसद रामचन्द्र मण्डलले मुख्यमन्त्रीलाई भेट्न जाँदा मन्त्रीहरु आफ्नो वसमा नभएको र प्रदेशसभा आउँदा सचिव आफ्नो निर्देशन मान्ने नगरेकोले यस्तो व्यक्तिले सरकारको नेतृत्व गर्न नसक्ने भन्दै उनले राजीनामा दिन मुख्यमन्त्री राउतलाई सल्लाह दिए ।

यस्तै प्रदेश सरकारले संघीयताको आडमा भ्रष्टाचार, असमानता र सांसदबीच विभेद बढाएको उनको आरोप छ ।

खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# मुद्दाको आडमा सत्तायात्रा



निमिष झा

संघीय सरकारमा सहभागी हुने राजपा नेपालको अध्याय समाप्त भएको छ । राजपा नेपालका अध्यक्ष मण्डलका संयोजक महेन्द्र राय यादवका अनुसार आफूहरू अब महाधिवेशनमा केन्द्रित भएकोले राजपा सरकारमा जाने च्याप्टर समाप्त भएको हो । बरू, उनले उपेन्द्र यादव र डा. बाबुराम भट्टराई नेतृत्वको समाजवादी पार्टीसँग एकताको प्रक्रिया आरम्भ हुने जानकारी दिए । उनले भने,'हामी र समाजवादीबीच एकताको प्रक्रिया सुरू हुन्छ । राजपाको महाधिवेशनभन्दा अघि नै एकता गर्नेगरि हामीले गृहकार्य थालेका छौं ।' पछिल्लो समय समाजवादी पार्टी सरकारबाट बाहिरिएपछि दुई पार्टीबीचको एकता प्रक्रिया अवरूद्ध हुने हो कि भन्ने आशंकाबीच फेरि एकता प्रक्रिया आरम्भ हुने बुझिएको छ ।

मंसिर ८ मा समाजवादी पार्टी सरकारबाट बाहिरिएपछि राजपा सरकारमा सहभागी हुने चर्चा र कसरत सुरू भएको थियो । पुस २ मा नेकपा-राजपा राष्ट्रिय सभा चुनावमा सहकार्य र राष्ट्रिय महत्त्वका विषयमा छलफल गर्दै जाने दुई बुँदे सहमति भएको थियो । राजपा नेताहरूसँगको भेटमा प्रधानमन्त्री र नेकपा अध्यक्ष पुष्पकमल दाहालले सरकारमा सहभागी हुन आग्रह गर्दै आएका थिए ।

यो बीचमा राजपा नेपाल सरकारमा जानेबारे विभिन्न हल्ला चलेका थिए । तर, राजपा नेपालका अध्यक्ष मण्डलका सदस्यहरू राजेन्द्र महतो र शरदसिंह भण्डारी भारत भ्रमणबाट फर्किएपछि अहिले नै सरकारमा नजाने निश्कर्षमा पार्टी पुगेको जनाएको छ । संविधान संशोधनलगायतका विभिन्न माग राखेर राजपा सरकारमा जाने बुझिएको थियो । तर, पार्टीभित्रै तत्काल सरकारमा जान नहुने मत बलियो बनेपछि सरकारमा सहभागी हुने महतो र भण्डारीको योजना तत्काललाई तुहिएको छ ।

राजपाले राष्ट्रियसभा चुनावमा प्रदेश २ मा नेकपासँग चुनावी गठबन्धन बनाएर सफलता समेत हासिल गरेको थियो । उसले राष्ट्रियसभा चुनावमा दुई सिट सुनिश्चित पनि गऱ्यो । प्रदेशमा समाजवादी पार्टीसँग गठबन्धन गरेको राजपाले नेकपासँग निकटा बढाएपछि सरकारमा जाने सम्भावना समेत देखिएको थियो । राजपाले प्रधानमन्त्री केपी शर्मा ओलीसँग सरकारमा गएमा पाउने मन्त्रालय र संख्याबारे समेत छलफल गरिसकेको थियो । उपसभामुख पदमा समेत प्याकेजमै सहमतिको प्रयास भइरहेको थियो ।

अध्यक्षमण्डलका महतो र भण्डारी दिल्लीबाट फर्किए पछि पार्टी सरकारमा नजाने निष्कर्षमा पुगेको हो । राजापका नेताहरूका अनुसार पार्टी यथावस्थामा सरकारमा जाने छैन । बाहिर जे भएपनि राजपा र समाजवादी पार्टीको गठबन्धन टुट्न नदिन ठूलै शक्ति लागेको छ । प्रधानमन्त्री ओलीले यो गठबन्धन टुटाउन खोजेको विश्लेषण हुँदै आएको थियो । मधेशी शक्तिलाई एकजुट राखिरहने गरी विगतमा जसरी रणनीति चालिएको थियो अहिले जोगाउन त्यसरी नै रणनीति बनेको देखिन्छ । यद्यपी सत्तारूढ नेकपासँग दुई बुँदे सहमति गरे पनि राजपाको सिंहदरबार प्रवेशको ढोका खुलेको छैन तर त्यसमा बिस्तारै ब्रेक लागेको छ ।

प्रधानमन्त्री ओलीले हालै नयाँ मन्त्री नियुक्त गर्ने, राजपाका नेताहरूको दिल्ली भ्रमण र रेशम चौधरीबारेको रिटमा सर्वोच्च अदालतमा पेशी सर्दै जाँदा राजपाका लागि प्रतिकूलता थपिएका हुन् । जसले राजपाको सिंहदरबार प्रवेशलाई कठिन बनाएको हो । सरकारमा सहभागिताका लागि राजपाले चौधरीको रिहाइ र संविधान संशोधनको सुनिश्चितता खोजेको छ ।

प्रधानमन्त्री ओलीले तत्काल उपसभामुख, दुई वा तीन मन्त्री लिएर संघीय सरकारमा सहभागी हुन र प्रदेश २ मा नेकपा र राजपा गठबन्धनको सरकार गठन गर्ने गरी प्याकेजमै सहमति गर्ने प्रस्ताव राजपालाई गरेका थिए । यस विषयमा प्रधानमन्त्री ओली र राजपा नेताहरूबीच अनौपचारिक संवाद पनि भएका थिए । तर, पछिल्ला घटनाक्रमले राजपाको सिंहदरबार प्रवेश थप कठिन भएको देखिएको छ ।

उता सरकारबाट बाहिरिएपछि समाजवादी पार्टी दोधारमा परेको छ । उसले राजपासँग एकता प्रक्रिया नै बढाएको छ न त विपक्षी काँगेससँग सहकार्य गर्ने रणनीति बनाएको छ । पार्टीको आगामी कदमबारे नेताहरू नै अन्योलग्रस्त देखिन्छ ।

राष्ट्रियसभा निर्वाचनमा नेपाली काँग्रेससँग सहकार्य गरे पनि कुनै उपलब्धि नभएका कारण उससँग थप सहकार्य नगर्न नेतृत्वलाई दबाब छ भने अध्यक्ष उपेन्द्र यादवले पनि एकताबारे मुख खोलेका छैनन । यसबाट पनि के स्पष्ट हुँदै गएको छ भने अध्यक्ष यादव अहिले पनि पर्ख र हेरको मनस्थितिमा छन् । संविधान संशोधनको विषयलाई भजाएर सरकारमा गएका यादव अब फेरि त्यही नाराको आडमा काँग्रेस वा अन्य शक्तिसँग सम्झौता गर्ने हुन कि भन्ने विश्लेषण पनि गरिदैछ ।

*(मधेश दर्पण फिचर सेवा)*

# सवारी दुर्घटनामा तीन युवकको मृत्यु, दुई गम्भिर

**राजविराज**/सप्तरीमा गत साता भएको सवारी दुर्घटनामा तीन युवकको मृत्यु भएको छ भने दुई युवक गम्भिर घाइते भएका छन् ।

जिल्लाको सप्तकोशी नगरपालिकामा मोटरसाइकल दुर्घटनामा परि कंचनरुप नगरपालिका ६ का २६ वर्षिय चन्द्रमान श्रेष्ठको मृत्यु भएको छ ।

कंचनपुर-फत्तेपुर सडक खण्डमा राती ८ बजेथेतिर श्रेष्ठ चढेको बा.४१प. ६८६३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश नं. १-०२-०४१ प.७७६१ नम्बरको मोटरसाइकल एक आपसमा ठोकिदा सो दुर्घटना भएको हो ।

श्रेष्ठलाई उपचारका लागि बिराटनगरतर्फ लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । अर्को मोटरसाइकलमा सवार सप्तकोशी नगरपालिका १ बस्ने २८ वर्षिय अशोक साह र २३ वर्षिय सन्नी साह गम्भिर घाइते भएका छन् ।

यस्तै पुर्व पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको महुली खण्डमा गत आईतबार राती मोटरसाईकल र म्याजिक भ्यान ठोकिएर दुर्घटना हुँदा मोटरसाईकल चालक सप्तरीको अग्नीसाईर कृष्णाशवरण गाउँपालिका ५ बस्ने २६ बर्षिय प्रकाश चौधरी र सोही मोटरसाईकलमा पछाडी सवार सो गाउँपालिका ६ बस्ने २३ बर्षिय अनिल चोधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पश्चिमबाट पुर्व तर्फ आईरहेको स.५प. ९५४५ नम्बरको मोटरसाईकल र विपरित दिशाबाट गईरहेको ना.३प. ८५२८ नम्बरको म्याजिक भ्यान एक आपसमा ठोकिएर दुर्घटना भएको हो ।

टाउँकोमा गम्भीर चोट लागेका दुवै जनाको विराटनगरस्थित नोबेल हस्पिटलमा उपचारको क्रममा सोमबार विहान मृत्यु भएको प्रहरीले जनाएको छ ।

# सिंह संसदीय दलका नेता, यादव सचेतकमा चयन

**राजविराज**/राष्ट्रिय जनता पार्टीका तर्फबाट राष्ट्रिय सभा संसदीय दलको नेतामा शेखर कुमार सिंह चयन भएका छन् । यस्तै प्रमुख सचेतकमा मृगेन्द्र कुमार सिंह यादव चयन भएका छन् ।

राष्ट्रिय सभाका १९ सांसदको कार्यकाल सकिएपछि गत माघ ९ गते भएको निर्वाचनमा राजपाका तर्फबाट अन्य र अल्पसंख्यकको कोटामा उम्मेदवार बनेका सिंह र यादव राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका थिए ।

दुबैलाई राजपा अध्यक्ष मण्डलको बैठकले सर्वसम्मतबाट सो जिम्मेवारी दिने निर्णय गरेको हो ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारीरिक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारीरिक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारीरिक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारीरिक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# कोरोना भाइरसको त्रासबीच होली सम्पन्न

**राजविराज**/ यस पटकको होली पर्व कोरोना भाईरसको त्रास बीचमा कुनै होहल्ला तथा भिडभाड नगरि सप्तरीवासीले मनाएका छन् ।

स्थानिय प्रशासनले समेत भिडभाड गरि होली नखेल्न गरेको आग्रहलाई पालना गरि अधिकांशले आफ्नै घर परिवारबीच रंग अबिर दलेर होली पर्व मनाएका हुन् ।

यता होली मंगलबार परेका कारणले पनि होलीको उत्साहमा कमी आएको छ । होलीमा माछा, मासु मुख्य परिकारको रुपमा रहने गरेपनि मंगलबारका दिन माछा मासु नखाने परम्पराका कारण पनि होलीको रौनक्ता बढन सकेन् ।

तर, विश्वभर फैलिएको कोरोना भाईरसको त्रास र मंगलबार माछा मासु नखाने मिथिलाबासीको परम्पराले यस पल्टको होली उत्साहजनक हुन सकेन् ।

यता प्रहरीले होली पर्वको अवसरमा मंगलबार अमर्यादित रुपमा मादक पदार्थ सेवन गरी हो-होल्ला, झगडा तथा वादविवाद गेरका १३ जनालाई पक्राउ गर्नुका साथै दुरुस्त कागजपत्र तथा हेलमेट नलगाएका ६१ थान मोटरसाईकल र एउटा अटोरिक्सालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ परेका सबै व्यक्तिहरुलाई काउन्सिलिङ गरी उनीहरुको आफन्तहरुलाई जिम्मा समेत लगाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै सवारीसाधनलाई प्रहरीले ट्राफिक नियम अनुसार जरिवाना काटी सम्वन्धित सवारी साधनधनिहरुलाई बुधबार जिम्मा लगाएको छ ।

# गाउँलेको हत्या गरेर १४ वर्षदेखी फरार बाबुछोरा पक्राउ

**राजविराज**/आफ्नो गाउँलेको गोली हानी हत्या गरेर १४ वर्षदेखी फरार बाबुछोरालाई सप्तरी प्रहरीले बिहीबार पक्राउ गरेको छ ।

सप्तरीको तिरहुत गाउपालिका ४ डिमन निवासी ५३ वर्षिय बाबु सुकदेव यादव र ३७ वर्षिय छोरा बिनोद कुमार यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

सुनसरीको इनरुवा नगरपालिका ९ स्थित एक घरमा लुकीछिपी बसेको अवस्थामा सप्तरी र सुनसरी प्रहरीको संयुक्त टोलीले उनीहरुलाई बिशेष सुराकीको आधारमा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यादवद्वय बाबु छोराले सोही वडा निवासी ३० वर्षिय दिलिप कुमार यादवको २०६२ असोज १७ गते साँझ हत्या गरेका थिए । घटना लगत्तै दुबै फरार थिए ।

पुराना रजघन्य अपराधको अनुसन्धानलाई तिब्रता दिएपछि अदालतबाट सजाय तोकिएका तथा अनुसन्धानका क्रममा फरार भएका मध्ये विगत तीन महिनाको अवधीमा ७९ जनालाई पक्राउ गरि अदालत समक्ष बुझाइसकेको सप्तरी प्रहरीले जनाएको छ ।


स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३


## भावपूर्ण श्रद्धाञ्जली



**स्व. मानोबति देवी चौधरी**

हाम्रा प्रातः स्मरणीय एवं ममतामयी आमा **मानोबति देवी चौधरी**को यही मिति २०७६/११/२५ गते आइतबार भएको निधनले हामी अत्यन्त मर्माहत एवं दुःखी भएका छौं । उहाँको आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा हामीलाई समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्त एवं शुभेच्छुकहरुमा हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा : विशेश्वर प्रसाद चौधरी**
**बिनोद कुमार चौधरी**

**छोरी : सीतादेवी चौधरी**
**ललितादेवी चौधरी**

**एवं समस्त चौधरी परिवार**

# किशोरीद्वारा आत्महत्या

**राजविराज**/आउँदो एसइई परिक्षाको तयारीमा रहेकी एक १६ वर्षिया एक किशारीले घरायसी विवादका कारण आत्महत्या गरेकी छिन् ।

राजविराज ६ निवासी १६ बर्षिया सन्ध्या यादवले आफ्नै घरमा सलको पासो लगाई झुण्डिएर आत्महत्या गरेकी जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# पोखरीमा डुबेर अवोध बालकको ज्यान गयो

**राजविराज**/घर नजिक रहेको पोखरीमा डुबेर मंगलबार साँझ एक अवोध बालकको ज्यान गएको छ ।

सप्तरीको बोदेबसाईन नगरपालिका ८ का दुई वर्षिय बालक अविनाश कुमार यादवको ज्यान गएको छ ।

खेल्दा खेल्दै घर नजिकै रहेको पोखरीमा बालक खसेका थिए । यता अभिभावकको हेलचक्राइका कारण बालकले ज्यान गुमाउने परेको प्रहरीको भनाई छ ।

## राजविराज नगरपालिका
### ६ नं. वडा कार्यालय, राजविराज, सप्तरी
### साक्षरता कक्षा एवं सहजकर्ता सम्बन्धी सूचना

*मिति : २०७६/११/२९*

प्रस्तुत विषयमा तहाँ राजविराज नगर कार्यपालिकाको कार्यालय राजविराज सप्तरी आ.ब. २०७६/०७७ को च.नं. १६७ को पत्र प्राप्त भई नगरपालिका पूर्ण साक्षर घोषणा गर्ने प्रतिबद्धता एवं नगर अनौपचारिक शिक्षा समितिको मिति २०७६/११/२२ को निर्णय अनुसार प्रथम चरणमा यस वडालाई पूर्ण साक्षर घोषणा गर्ने कार्यक्रमको लागि ५ (पाँच) जना साक्षर महिलाको आवश्यकता रहेकोले सो ईच्छुक हुने साक्षर महिला आ-आफ्नो शैक्षिक प्रमाण पत्र लिई प्रकाशित हुने मितिदेखी ३ (तीन) दिन भित्र यस वडाको कार्यालय समयमा उपस्थित भई दिन हुन जानकारी साथ व्यहोरा अनुरोध छ ।

**प्रेम कुमार यादव**
**वडा अध्यक्ष**
**रा.वि.न.पा. वडा नं. ६**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म : २००४

स्व. २०७६ फागनु १७

**स्व. नथुनी प्रसाद मण्डल**

सप्तरीको साविक ब्रहमपुर गाविसका भुपु अध्यक्ष **नथुनी प्रसाद मण्डल**को यही २०७६ फागुन १७ गते निधन भएको दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**गजेन्द्र कुमार मण्डल**
**केन्द्रिय सहमहासचिव**
**राष्ट्रिय जनता पार्टी नेपाल**

## हार्दिक समवेदना



**स्व. प्रकाश कुमार चौधरी**

महुली सामुदायिक विकास केन्द्र वक्धुवा सप्तरीका कार्यकारी निर्देशक प्रभुनारायण चौधरीका २६ वर्षिय छोरा प्रकाशकुमार चौधरीको २०७६ फागुन २५ गते मोटरसाइकल दुर्घटनामा परि असमायिक निधन भएको घटनाले हामी स्तब्ध छौं । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**शम्भुनन्द चौधरी, अध्यक्ष**
**गैसस महासंघ, नेपाल, सप्तरी**

# एकताबाट वैकल्पिक शक्तिको सम्भावना



उपेन्द्र झा

भाँडोमा खसेको झिँगा जस्तै आफ्नो अस्तित्वको लागि चिन्तित समाजवादी पार्टी र राजपा "के गर्ने" र के नगर्ने दोधारमा फसेको छ । गुलामी पनि ईमान्दारीसाथ गर्न नसकेको समाजवादी पार्टी ओलीद्वारा सरकारबाट निकालिएको छ, त्यसरी नै राजपा सरकारमा सामेल हुने प्रधानमन्त्री केपी शर्मा ओलीको आमन्त्रण नजिक गएर पनि स्वीकार गर्न ढिलो गर्ने कारणहरू स्पष्ट भईरहेको छैन र के गर्ने भन्ने निर्णय पनि गर्न नसकेको कारणले पनि अस्तित्व संकटमा रहेको अनुमान गर्न कठीन छैन ।

संघर्षबाट थाकेर सत्तासँग गहिरो सम्बन्ध बनाएर यथास्थितिमा समर्पित समाजवादी पार्टी तथा राजपा मधेश मुद्दालाई व्यापारको माध्यम बनाएको छ । प्रचण्ड र ओलीसँग गहिरो सम्बन्ध राख्ने उपेन्द्र यादव सत्ताका लागि आत्मसमर्पण गर्दा ईमान्दारीपूर्वक कार्यकाल पूरा गर्नु पर्दथ्यो । ओलीतिर औंला ठड्याएर अपमानजनक किसिमले सरकारबाट हटाएपछि पार्टीका कार्यकर्ता लगायत सिङ्गै मधेशलाई लज्जाबोध भएको छ । सत्ताबाट बहिर्गमन पछि समाजवादी पार्टी क्रान्तिकारी बन्न खोज्छ, तर अज्ञात भयले गति दिन चाहँदैन ।

लामो समय चलेको नाकाबन्दी आन्दोलनलाई बिना शर्त छोडेर भागेको उपेन्द्र यादव र राजेन्द्र महतो मधेशको नजरमा संदिग्ध बनेका थिए । सत्तासँग नजिकिदै गएको सन्देहलाई ०७४ को चुनावले पुष्टि गऱ्यो । ओली कै असीम कृपाले राजेन्द्र महतो प्रतिनिधी सभामा प्रवेश पायो भने आन्दोलन छाडेर आएको उपेन्द्र यादव पनि आफ्नो अस्तित्व बचाउन सफल भयो । ओली कै कृपाले उपेन्द्र यादव सम्मान जनक अवस्थामा आए । यी भित्रका कुरा हुन् । यसबाट सामान्य जनता अवगत रहदैन । सामान्य जनतालाई कुकर्मको गतिविधी दिनु ठीक पनि होइन । एकसाथ कालो र सेतो दुई अनुहार लिएर सामनजस्यताका साथ हिड्नु सजिलो पनि छैन । धेरै मिहिनेत चाहिन्छ । यीनीहरू मिहिनेत गरेका पनि छन् । तर अचानक दुवै अनुहार, एकैसाथ अनावृत भएपछि यसलाई दुर्भाग्य नै भन्नु पर्छ । १२ पल्ट मन्त्री बनेका विजय गच्छदार १३ औं पल्ट जाने तयारीमा छन् । सौभाग्यको अर्को पाटामा दुर्भाग्य नै हुन्छ । समय सधैं एकनाशको कहाँ हुन्छ ?

विगतमा सरकारबाट समर्थन फिर्ता लिएपछि राजपा किंकर्तव्यविमुढ भएर बस्यो, सत्ताबाट बहिर्गमन पछि समाजवादीको पनि त्यही अवस्था छ । नयाँ शक्तिसँग एकीकरण पछि ठूलो भएको मदमा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव गुमाएका थिए । राजपासँग एकीकरण गर्न उपेन्द्र यादवलाई हीनताबोध भई रहेको थियो । राजपालाई उनी राजनीतिक पार्टीको रूपमा गन्दैनथ्यो । ६ जना सेयर होल्डरको संस्थाको रूपमा हेर्ने उपेन्द्र यादवले राजपासँग एकीकरण नगरेर ठूलो रजनीतिक अवसर गुमाएका छन् । सत्ताबाट वशिर्गमनपछि उपेन्द्र यादवको होश खुलेको छ र अहिले अब राजपासँगको एकीकरणको महत्व बुझेको छ ।

सरकारको समर्थन फिर्ता लिएर बसेको राजपा अहिले "बीनर खेलाडी" को रूपमा देखा परेको छ । उपेन्द्र यादवको सत्ता बहिर्गमनपछि राजपालाई कुनैपनि शर्तमा सरकारमा सामेल गर्ने प्रधानमनत्री केपी शर्मा ओलीको रणनीति छ भने उपेन्द्र यादव पनि राजपालाई आफ्नो पार्टीमा विलय गराउन आतुर छ । राजपाको माँगप्रति नरम बनेको प्रधानमन्त्री ओली आफ्नो आमन्त्रणलाई अस्वीकार गरे राजपाका कतिपय नेतालाई अंकुश समेत लगाउने भय पनि देखाएको छ । समाजवादी पार्टीसँग एकीकरण गर्ने तथा ओली सरकारमा सामेल हुने दोधार बाटोमा परेको राजपालाई अविलम्व निर्णय गर्न पनि कठीन भएको छ ।

समाजवादी पार्टीसँग राजपाको एकीकरण गर्नु मधेशको लागि उपलब्धिमूलक सन्देश हो । तर एकीकरणपछि मधेश आन्दोलनको कुनै संकेत नरहेकोले यस अवधिमा सरकारले नेताहरूलाई विभिन्न आरोप लगाएर चरित्र हत्या गऱ्यो भने राजनीतिक भविष्य अन्धकारमय हुने भयले राजपालाई एकीकरणको दिशामा अगाडि बढ्न नदेला । उपेन्द्र यादव पनि सरकार विरोधी गतिविधी संचालन गऱ्यो भने उनलाई पनि सरकारको थ्रेट कायम छ । यही सिलसिलामा राजपाका नेताहरू भारतसँग "के गर्ने भन्नेबारे" राय सुझाव लिन दिल्ली पुगेको हल्ला छ । आत्मसमर्पण गर्ने पार्टीहरूको यही नतिजा हुन्छ । अहिले समाजवादी पार्टी र राजपा नचाहेर पनि सरकारको शिकन्जामा परेका छन् । अनुकूलतामा रमाउने यी दुई पार्टीहरू सरकारलाई नमानेर प्रतिकूल दिशामा जान हिम्मत गुमाएका छन् ।

दुई तिहाई नजिक रहेका केपी शर्मा ओलीको शक्तिशाली सरकार दुई वर्षको अवधीमा समस्याग्रस्त देशका लागि उपलब्धिमूलक कार्य गर्न नसकेका कारण यिनको लोकप्रियतामा ग्रहण लागेको छ । नेपाली जनता, देशको राजनीतिक परिस्थिति, विकास निर्माणको क्षेत्र, आदि सरकारको निकम्मापनलाई लामो समय झेल्न नसकी उकुस मुकुसमा परेका छन् । देशको समग्र समस्याग्रस्त क्षेत्र सरकारप्रति उदासीन भई वैकल्पिक मार्ग खोज्न विपरीत दिशामा उन्मुख भई रहेको अवस्था छ । यसलाई केपी शर्मा ओलीले महसूस गरी भर्खरै आफ्नो भाषणमा स्वीकार गरेको छ । यो शक्तिशाली सरकारको विकल्पमा जुनसुकै शक्तिलाई स्वीकार गर्ने परिस्थिति सृजना हुन लागेको परिपेक्षमा शक्तिकेन्द्रको चासो बढ्नु अस्वाभाविक लाग्दैन ।

फेरि एकपल्ट वैकल्पिक शक्ति निर्माणको परिस्थिति बन्न लागेकोले यसलाई नेतृत्व गर्ने समाजवादी पार्टी र राजपाको मिलनले हो । शक्तिकेन्द्रहरू पनि वर्तमान सरकारको विकल्प खोजेको छ । वैकल्पिक मार्गको नेतृत्व कमजोर अवस्थामा रहेको नेपाली कांग्रेस गर्न नसक्ने भएकोले नेतृत्वको अवसर मधेशी दललाई नै प्राप्त हुने कुरामा दुई मत देखिदैन । यसकारण पनि समाजवादी पार्टीसँग राजपाको एकीकरण अपरिहार्य बनेको छ । तर यस धरातलीय यथार्थलाई राजपाका नेताहरूले कसरी मूल्यांकन गर्छ, त्यसमा भर पर्छ । यही वैकल्पिक शक्तिको गठबन्धनमा अन्य विपक्षी शक्तिहरू संगठित भई वैकल्पिक मार्ग खोज्ने परिस्थितिले संकेत गरिरहेको छ ।

आन्दोलनसँग सम्बन्ध त्याग गर्ने समाजवादी पार्टी र राजपा सत्ता स्वाद चाखेर चरित्र परिवर्तन गरेको छ । सत्तासँग बस्दा जति लाभ छ, आन्दोलनमा अस्तित्व नै हराउने भयले ग्रसित लाभतिर बढि उन्मुख हुने यी दुई पार्टीहरू थाती राखेको अधिकार आन्दोलनको मशाल जलाउन अग्रसर होला । अग्रसर भयो भने इतिहास रच्छ, होइन भने अन्धकारमा विलीन हुन्छ । यी दुई पार्टीको निर्णय क्षमता कस्तो हुनेछ, हेर्न प्रतिक्षा गरौं । *(मधेश दर्पण फिचर सेवा)*

## अन्तर्राष्ट्रिय समाचार

### अफगानिस्तानमा पनि कोरोना भाइरसको संक्रमण

**काबुल**/अफगानिस्तानमा कोभिड-१९ सङ्क्रमण १० व्यक्तिमा देखिएको शनिबार प्राप्त एक समाचारमा जनाइएको छ । थप तीन जनामा सो सङ्क्रमण देखिएपछि कोरोना भाइरसको सङ्क्रमणको सङ्ख्या १० पुगेको बताइएको छ । अफगानिस्तानको पूर्वीभागमा पर्ने कपिसा प्रान्त र उत्तरी समानगान र बल्ख प्रान्तमा कोभिड-१९ सङ्क्रमणको घटना पुष्टि भएको टोली न्यूज टिभीले सार्वजनिक स्वास्थ्य मन्त्रालयका अधिकारीलाई उद्धृत गर्दै जानकारी दिएको छ । हाल अफगानिस्तानमा कोरोना सकारात्मक देखिएका यी १० मा सात जना इरानबाट फर्किएका व्यक्ति रहेका जनाइएको छ । यद्यपि तीन नयाँ कोरोना भाइरस सङ्क्रमित बाहिरबाट आएको हो वा स्थानीयरुपमा सङ्क्रमित भएका हुन तत्काल प्रष्ट नभएको जनाइएको छैन् । काबुलमा राष्ट्रिय प्रयोगशालामा कूल ५२ संदिग्ध घटना अनुसन्धानरत रहेको जनाइएको छ । एजेन्सी

### इरानमा कोरोना कारण मृत्यु हुनेको संख्या पाँच सय नाघ्यो

**कायरो**/इरानमा कोरोना भाइरसका कारण मृत्यु हुनेको सङ्ख्या पाँचसय नाघेको छ । इरानी स्वास्थ्य मन्त्रालयले शुक्रबार दिएको जानकारीअनुसार मृत्यु हुनेको सङ्ख्या ५१४ पुगेको हो । बिहीबारसम्म ४२९ रहेको मा बढेर सो सङ्ख्या नाघेको हो । यसैगरी सङ्क्रमितको सङ्ख्या ११ हजार ३६४ पुगेको छ । तीमध्ये तीन हजार ५२९ जना निको भएर घर फर्किएको छन् । कोरोनाको सम्भावना देखिएकी इरानका सर्वोच्च नेता प्रमुख सल्लाहकार अली अक्बर बेलायतीलाई आफ्नो निवासमा अलग राखिएको छ । मध्यपूर्वी देशमध्ये इरानमा कोरोनाको सङ्क्रमण सबैभन्दा बढी देखिएको छ । इरानमा मन्त्री, सांसद र स्वास्थ्य अधिकारीसहित २५ जना विशिष्ट व्यक्ति पनि कोरोनाको सङ्क्रमण देखिएको छ । इजरायलमा १४३ जनाका सङ्क्रमण पुष्टि भएको छ भने साउदी अरबमा ८६ जनामा कोरोनाको सङ्क्रमण भएको साउदी अरवका कुल बिरामीमध्ये १४ जना इजिष्ट नागरिक भएको जनाएको छ । कुवेतमा कूल १०० जना बिरामी भएका छन् ।लेवनानमा थप छसहित कूल ७७ बिरामी भएका छन् । मध्यपूर्वका अन्य देशमा पनि सङ्क्रमित छन्, तर थोरै छन् । एजेन्सी

### भारतमा कोरोनाका कारण दुई व्यक्तिको मृत्यु

**नयाँ दिल्ली**/भारतमा कोरानो भाइरसको सङ्क्रमका कारण थप एक जनाको मृत्यु भएको छ । राजधानी नयाँ दिल्लीमा शुक्रबार राति ६८ वर्षीया महिलाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । भारतमा यसअघि अर्का एक जनाको पनि कोरोनाकै कारण मृत्यु भएको स्वास्थ्य अधिकारीले पुष्टि गरेका थिए । नयाँ दिल्लीमा अरु छ जना कोरोना भाइरस सङ्क्रमित भएका छन् । गत बिहीबार कोरोना सङ्क्रमित पहिलो व्यक्तिको मृत्यु भएको घोषणा गरिएको थियो । ती व्यक्तिको गत मङ्गलबार कर्नाटकमा मृत्यु भएको जनाइएको छ । पहिलो मृत्यु हुने व्यक्ति पनि महिला नै रहेको र ७६ वर्षीया रहेको अधिकारीले बताएका छन् । ती व्यक्ति साउदी अरबको भ्रमण गरेर आएकी पाइएको छ । दुई जनाको मृत्यु हुँदासम्म भाइरसमा सङ्क्रमितको सङ्ख्या ८२ पुगेको छ । एजेन्सी

### कोरोनाभाइरस महामारी नियन्त्रण गर्न अमेरिकामा संकटकाल घोषणा

**वासिङटन**/अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोना भाइरस सङ्क्रमण प्रकोप फैलिरहेकाले त्यसलाई नियन्त्रण गर्न 'राष्ट्रिय सङ्कटकाल' घोषणा गर्नु भएको छ । विश्व स्वास्थ्य संगठनले शुक्रबार युरोपलाई कोरोनाभाइरसको नयाँ केन्द्रबिन्दु घोषणा गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प राज्य सङ्कटकालको घोषणा आएको हो । सङ्कटकालको घोषणा गर्न ट्रम्पले ह्वाइट हाउसबाट टेलिभिजनमार्फत् प्रत्यक्ष सम्बोधन गर्नु भएको थियो । अमेरिकामा एक हजार ७०१ जनामा कोरोना भाइरस सङ्क्रमण भएको पुष्टि भइसकेको छ भने ४० भन्दा बढीमा कोभिड-१९ कै कारण मृत्यु भएको सरकारी तथ्याङ्कले देखाएको छ । अमेरिकाका विभिन्न राज्यले कोरोना भाइरस सङ्क्रमणको दर नियन्त्रण गर्न विभिन्न उपाय अपनाइएको छ । त्यहाँ ठूला भेला र खेलकुदका कार्यक्रममा प्रतिबन्ध लगाउनेदेखि विद्यालय बन्द गर्नेसम्मका निर्णय गरिएको छ । एजेन्सी

### दक्षिण कोरियामा ७२ को मृत्यु

**ओटावा**/क्यानाडाका नागरिकलाई अत्यावश्यक बाहेक अन्य भ्रमण स्थगित गर्न प्रधानमन्त्री जस्टिन ट्रुडोले आग्रह गर्नुभएको छ । कोरोना भाइरसको सङ्क्रमण थप फैलिन सक्ने भएकाले विशेष गरेर अन्तरराष्ट्रिय यात्रा रोक्न उहाँले आह्वान गर्नुभएको छ । उहाँले आफू पनि सुरक्षित तरिकाले बसेको पनि जानकारी दिनुभएको छ । यसअघि उहाँकी श्रीमती सोफियालाई कोराना भाइरसको सङ्क्रमण भएको बिहीबार सार्वजनिक भएको थियो । उहाँलाई पनि छुट्टै राखिएको छ । यसैबीच दक्षिण कोरियामा कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या ७२ पुगेको छ । अधिकारीका अनुसार कूल आठ हजार ८६ जना सङ्क्रमित भएका छन् । ती मध्ये २०४ जनालाई भने पूर्ण उपचारपछि घर फर्काइएको छ । उता फिलिपिन्सबाट प्राप्त समाचारअनुसार राजधानी मनिलामा कर्फ्यु आदेश जारी गरिएको छ । कोरोनाको सङ्क्रमण फैलिन नदिन आइतबारदेखि लागु हुनेगरी शनिबार कर्फ्यु घोषणा गरिएको हो । कर्फ्यु एक महिनाका लागि घोषणा गरिएको बताइएको छ । एजेन्सी

# आँखा उपचार केन्द्रमा दैनिक ४० मोतियाबिन्दुका बिरामीको शल्यक्रिया



**राजविराज**/आँखा उपचार केन्द्र राजबिराजमा हाल दैनिक ४० जना मोतियाबिन्दुका बिरामीहरुको शल्यक्रिया हुने गरेको छ।

प्रत्येक शुक्रवार मोतीयाविन्दुका बिरामीहरुको शल्यक्रिया हुने गरेको अस्पतालका प्रमुख रामकुमार झाले जानकारी दिएका छन्।

सगरमाथा चौधरी आँखा अस्पताल लहानद्वारा संचालित आँखा उपचार केन्द्र राजबिराजलाई ले ३२ वेड उपलब्ध गराएपछि सो शल्यक्रिया गर्न सहज भएको प्रमुख झाको भनाई छ।

त्यसअघि वेडको अभावका कारण शल्यक्रिया गरेपछि बिरामी राख्न समस्या भईरहेको वेला लहानले बेड उपलब्ध गराएसँगै ३५ देखि ४० जना बिरामीको शल्यक्रिया सम्भव भएको हो।

दैनिक रुपमा ५० जना भन्दा बढी आँखा उपचारका लागि बिरामी आउने गरेको उनको भनाई छ। तर, चिकित्सक अभावका कारण उपचार गर्न समस्या समेत भईरहेको अस्पतालका प्रमुख झाले बताए। एक चिकित्सक र एक सहायक चिकित्सकको भरमा अस्पताल संचालनमा रहेको प्रमुख झा बताउछन।

# कोरोनाको त्रासप्रति राजविराज कारागारमा सतर्कता बढाइयो

**राजविराज**/राजविराज कारागारमा कोरोना भाइरसको त्रासप्रति सतर्कता बढाईएको छ।

एक सय २५ कैदी बन्दीको क्षमता रहेको यस कारागारमा हाल १७ महिलासहित ३ सय ३४ कैदी बन्दी रहेको जेलर सत्य नारायण यादवले जानकारी दिएका छन्।

सरकारले कोरोना भाईरसको जोखिममा ध्यानमा राख्दै भिडभाडमा नबस्न तथा सभा सम्मेलनको आयोजना नगर्न आग्रह गरिरहेका बेला राजविराज कारागारमा ठुलो संख्यमा कैदीबंदीलाई कोचाकोच गरि राखिएकाले जोखिम बढेको कैदीबन्दीहरुको भनाई छ।



जेलर यादवका अनुसार विगत एक सातादेखी कोरोना भाईरस संक्रमणबाट बच्ने उपायबारे कैदी बन्दीलाई सचेतना दिइदैछ। अभियान चलाउनुका साथै भेटघाटमा समेत कडाई गरिएको जेलर यादवको भनाई छ।

यता कारागार प्रशासनले हाल कैदी बन्दीलाई मास्क उपलब्ध गराउनुका साथै उनीहरुलाई भेटन आउने आफन्तहरुलाई मास्क तथा पंजा प्रयोग गर्न लगाएको छ।

फोहोर मैलाको उचित व्यवस्थापन, सरसफाई र साबुन पानीले नियमित हात धुने लगायतका काममा विशेष ध्यान दिइएको तथा अतिआवश्यक काम बाहेक भेटघाटमा कडाई गरिएको उनको भनाई छ।

## छोराको अपहरण ...

जासरलाई पनि थाहा भएको प्रहरीलाई जानकारी दिएका छन्।

गाउँका विभिन्न व्यक्तिसँग लेनदेनका विषयलाई लिएर तनावमा रहेका जासर मियाँले छोरो अपहरणको नाटक गरि ऋृण र लेनदेनका तनावबाट उन्मुक्ति पाउने नियतले समेत बनावटी उजुरी दिएको अनुसन्धानको क्रममा खुलेको प्रहरीको भनाई छ।

बालकलाई आमाको जिम्मा लगाइएको छ भने प्रहरी नियन्त्रणमा रहेका जासर मियाँलाई झुठो उजुरी दिएको आरोपमा कारवाही प्रक्रिया अघि बढाइएको प्रहरी निरिक्षक बाबुराम कार्कीले बताए।

# विपन्न परिवारलाई निशुल्क विद्युत मिटर बितरण



**राजविराज**/सप्तरीको बलान बिहुल गाउँपालिकामा शनिबार नेपाल बिद्युत प्रधिकरण प्रसारण केन्द्र बोदेबर्साइनले बिपन्न ३ सय परिवारलाई निशुल्क बिद्युत मिटर बितरण गरेको छ।

गाउँपालिकाको विशेष पहलमा ती विपन्न परिवारलाई सो विद्युत मिटर निशुल्क बितरण गरिएको गाउँपालिका अध्यक्ष दयानन्द गोइतले जानकारी दिएका छन्।

गाउँपालिका पूर्ण विद्युतीकरण भइसकेको अवस्थामा आर्थिक रुपमा विपन्न परिवारलाई निशुल्क विद्युत मिटर प्रदान गरिएको अध्यक्ष गोइतको भनाई छ।

# मदिरा सेवनले धनुषामा ११ को मृत्यु

**धनुषा**/धनुषाको क्षिरेश्वरनाथ नगरपालिका २ को रमदैयामा होली पर्वको अवसरमा अत्याधिक मदिरा सेवन गरेका मध्येबाट ११ जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा २९ बर्षीय ब्रह्मदेव यादव, ४० बर्षीय विला मण्डल, ६५ बर्षीय गदर मण्डल, ३५ बर्षीय राजु महरा, रामनारायण महरा, ३६ बर्षीय गुदरी महरा, शत्रुघन मण्डल, ४२ बर्षीय बिलास मण्डल र परवाहाका गिरिजानन्द झा लगायत रहेका छन्।

यता अवैध मदिरा बिक्री गरेको अभियोगमा स्थानीय रामानन्द साह र एक महिलालाई पक्राउ गरी आवश्यक कारवाही शुरु गरिएको जनाइएको छ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*